बागचौर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**बागचौर,सल्यान**
**कर्णाली प्रदेश,नेपाल**
## मोटरसाईकलहरु खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना
**(प्रथम पटक प्रकाशित मितिः २०७५/१०/१०)**

यस कार्यालयलाई आवश्यक पर्ने मोटसाईकलहरु खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न ईच्छुक उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारीक बिक्रेता (Importer) वा स्थानीय बिक्रेता (Dealer of importer) ले देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१.सूचना प्रकाशित भएको मितिदेखि मिति २०७५/११/१० गतेका दिन कार्यालय समयभित्र बोलपत्रदाताले अध्यावधिक गरेको फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र,व्यवसाय दर्ताको ईजाजतपत्र,मूल्य अभिवृद्धि कर (VAT) मा दर्ताको प्रमाणपत्र,स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्र,आ.व.२०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र ,उत्पादक कम्पनीबाट नेपालमा रहेको आधिकारिक बिक्रेता(Importer) लाई वा नेपालमा रहेको आधिकारीक बिक्रेता(Importer) ले स्थानीय बिक्रेता(Dealer) लाई यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरेको Manufacturer's Authorization Letter (तोकिएको ढाँचा अनुसार) का प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु तथा निवेदन साथ पेश गरी नियमानुसार लाग्ने राजस्व दस्तुर (फिर्ता नहुने) बुझाई बोलपत्र फाराम यस कार्यालयबाट उपलब्ध गराईने छ।

२. खरिद गरिएका बोलपत्र फारामहरुको महलहरु बोलपत्रदाताले स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरि सूचना प्रकाशित भएको मितिदेखि मिति २०७५/११/१२ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गरिसक्नुपर्ने छ।

३. बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत वापतको रकम यस यस कार्यालयको जनता बैंक नेपाल लि.थारमारेमा रहेको धरौटी खाता नं. ०८३००९०५४९५०२०४ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्रको लागी कम्तिमा १२० दिन म्याद भएको बैंक जमानीपत्र (Unconditional Bid Bond) बोलपत्र साथ पेश गर्नुपर्ने छ। यसरी पेश गरिने जमानत वापतको बैंक भौचर,रसिद वा बैंक जमानी यो सूचना प्रकाशित भएको मिति पछीको हनुपर्ने छ र बैंक भौचर,रसिद वा बैंक जमानीपत्र उल्लेखित म्याद बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि हुनुपर्ने छ।

४. दर्ता हुन आएका बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्र दाखिला गर्ने अन्तिम दिन दिउँसो २:०० बजे बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर बोलपत्रदाताहरु तथा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र फाराम खरिद गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछन।

५. रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन।

६. दर्ता हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहने छ।

७. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।

८. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४(संशोधन सहित) तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन्।

९. अन्य थप केहि कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | फाराम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| BRM/NCB/GOODS/02/2075/076 | Motorcycle, Piston Displacement 120-125 CC, Engine Power output Not less than 9 PS, Torque not less than 10 Nm. Others are as per approved technical Specifications. | ८ (आठ) | ३०००।- | कबोल अंकको २.५० प्रतिशत |

प्रमुख प्रशासकीय अधिकृत